# लिखु तामाकोशी गाउँपालिकाको विनियोजन ऐन, २०८१

लिखु तामाकोशी गाउँपालिकाको विनियोजन ऐन गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा, कार्यक्रम र योजनाहरूका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८१

**प्रस्तावनाः**

लिखु तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा, कार्य र योजनाहरूका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो बराबरको रकम विनियोजन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम लिखु तामाकोशी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम लिखु तामाकोशी गाउँपालिकाको विनियोजन ऐन २०८१ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

**२. आर्थिक वर्ष २०८१/०८२ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८१/०८२ का निम्ति गाउँ कार्यपालिका, वडा कार्य समिति, विषयगत शाखाले गर्ने सेवा प्रभाव र कार्यहरूका लागि अनुसूची २.१ मा उल्लेखित नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानहरू, चालु खर्च, पुँजिगत खर्च, सामाजिक सुरक्षा अनुदान, आ.व. २०८१/०८२ मा सञ्चालित आयोजन तथा कार्यक्रमहरूको भुक्तानी दिन बाँकी विवरण र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा **रू. ७१ करोड ७९ लाख ९० हजार ५ सय (अक्षरुपी एकहत्तर करोड उनासी लाख नब्बे हजार पाँच सय मात्र)** निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२का लागि लिखु तामाकोशी गाउँ कार्यपालिका, वडा कार्य समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरूको निमित्त विनियोजन गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा कार्य समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा सार्न सक्ने छ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा भुक्तानी र खर्च जनाउन सकिने छ। पुजिँगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु र पुजिँगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्ने छ।